# जिल्ला प्रशासन कार्यालय

## म्याग्दीको अनुरोध

सामाजिक, सांस्कृतिक तथा धार्मिक महत्व बोकेको हरितालिका तीजको आफ्नो छुट्टै मौलिक विशेषता रहेको छ । पछिल्लो समयमा दर खाने र जमघट हुने नाममा तीज पर्व सुरु हुनुभन्दा धेरै अगाडि देखि नै तडकभडक, महङ्गा गरगहना र कपडा सहित पार्टी प्यालेस देखि तारे होटलसम्म हुने भड्किलो प्रदर्शनले यस पर्वको मौलिकता माथि नै प्रश्न उठाएको छ । साथै भोज भतेरमा मदिरा सेवन, अश्लिल तथा विकृतिमूलक गीत/संगीतले सामाजिक सांस्कृतिक विचलन बढ्न सक्ने सम्भावना रहन्छ। बढ्दो उपभोगवादी संस्कृतिले समाजका कमजोर आर्थिक अवस्था भएका समुदायलाई नकारात्मक असर पार्दछ । सामाजिक, सांस्कृतिक तथा धार्मिक महत्व बोकेको हरितालिका तीजलाई विकृति विसंगति र तडकभडकबाट मुक्त गरी हाम्रो मौलिक सामाजिक, सांस्कृतिक परम्पराको संरक्षण हुने गरी मनाउनुहुन जिल्ला प्रशासन कार्यालय सम्बद्ध सबै पक्षमा अनुरोध गर्दछ ।

२०६६।०५।२२

महेश सुबेदी

सहायक प्रमुख जिल्ला अधिकारी